सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

आदेश

०७६-WH-०३६८

विषयः बन्दीप्रत्यक्षीकरण।

परिवर्तित नाम ७१(ग) को हकमा अधिवक्ता दलबहादुर धामी..............................निवेदक

विरुद्ध

कैलाली जिल्ला अदालत समेत..............................विपक्षी

यसमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दलबहादुर धामीले गर्नु भएको बहस समेत सुनियो।

बाल सुधार गृहमा रहेका परिवर्तित नाम ७१(ग) समेतलाई अभिभावकको जिम्मा लगाई पाउँ भनी कैलाली जिल्ला अदालतमा मिति २०७६।१२।९ मा निवेदन परेको देखिन्छ। परिवर्तित नाम ७१ (ग) उपर कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग मुद्दा कैलाली जिल्ला अदालतमा दायर भएकोमा कैलाली जिल्ला अदालतको मिति २०७६।११।६ को आदेशले परिवर्तित नाम ७१ (ग) विपक्षी बालसुधार गृह, दिपायल डोटीमा रहको देखियो। कोरोना भाइरस (COVID-19) को महामारीको कारणले गर्दा बालसुधार गृहमा रहेको समेतलाई अभिभावकको जिम्मा लगाई पाउन माग गरेको सन्दर्भमा कैलाली जिल्ला अदालतले ७१(ग) र ७१ (ङ) लाई अभिभावकको जिम्मा लगाउन नमिल्ने भनी मिति २०७६।१२।१३ मा आदेश गरेको देखिन्छ। उक्त आदेश उपर पर्न आएको प्रस्तुत रिट निवेदनको सन्दर्भमा विचार गर्दा

हाल कोरोना भाइरस (COVID-19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ। बन्दाबन्दीको उद्देश्य संक्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको समूहको तथा बृहत नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारीरिक सामाजिक दुरी राख्नु रहेको देखिन्छ। यस्तो महामारीको संक्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ। नेपालको संविधानको धारा ३९(९) ले जोखिममा रहेको बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नु पर्ने दायित्व दिइएको तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरुले काम कारवाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने तथा ऐ. दफा १६(२) मा जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ भनी कानूनी व्यवस्था रहेको देखिन्छ।

नेपालको संविधानको धारा १६ अनुसार बालबालिकाको जीवनको अधिकार तथा स्वास्थ्य संरक्षण गर्ने दायित्व राज्यको हो। संविधानको धारा १८ ले समानताको हक सुनिश्चित गरेको छ। कानुनको नजरमा सबै समान हुन र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगर्ने अधिकारको संरक्षण गरेको छ। बालबालिकाको हकमा कानूनबमोजिम विशेष व्यवस्था पनि समेत गर्न सक्ने संवैधानिक व्यवस्था रहको छ। यस्तै संविधानको धारा ३९ मा बाल अनुकुल न्यायको सुनिश्चित गर्नु पर्ने व्यवस्था रहेको छ। बाल सुधार गृहमा सामाजिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेको र बन्दाबन्दीको उद्देश्य अनुरुप सुरक्षित स्वास्थ्यको उपयोगिताको सुनिश्चितता हुन नसक्ने अवस्थामा कैलाली जिल्ला अदालतबाट भएको मिति २०७६।१२।१३ को आदेश बालबालिकाको सर्वोत्तम हित संरक्षणको निमित्त सान्दर्भिक र न्यायोचित भएको देखिएन। एउटा मुद्दामा समान अभियोग लागेका दुई जना बालक परिवर्तित नाम ७१ (क) र ७१ (ख) को सजाय स्थगन गरिएको छ भने निवेदकहरुको मात्र सजाय स्थगनको अभिभावकको निवेदनलाई अस्वीकार गरेको देखिँदा कैलाली जिल्ला अदालतको

आदेशले समान निवेदक बीच असमान निर्णय गरेको देखिएकोले उक्त अदालतको मिति २०७६।१२।१३ को आदेश बदर गरिदिइएको छ। एवं प्रकारले परिवर्तित नाम ७१ (ङ) उपर रिट निवेदन नपरेको भए पनि निज र परिवर्तित नाम ७१ (ग) एउटै अभियोगमा मुद्दा पुर्पक्षको सिलसिलामा बालसुधार गृहमा रहेको भन्ने देखिँदा परिवर्तित नाम ७१(ङ) को हकमा पनि कैलाली जिल्ला अदालतको मिति २०७६।१२।१३ को बदर गरी दिएको छ। यस्तो विषम परिस्थितिको परिवर्तित सन्दर्भमा जहाँ महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरुद्ध भएको अवस्था रहेको हुँदा सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको समानताको हक, स्वास्थ्य र जीवन संरक्षणको लागि परिवर्तित नाम ७१(ग) र ७१(ङ) लाई खोजेको बखत उपस्थित गराउन मंजुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(५) बमोजिम अभिभावकको जिम्मा लगाउने सम्बन्धमा यी निवेदकहरुको सम्बन्धमा पुनः उपयुक्त निर्णय गर्नु भनी कैलाली जिल्ला अदालतको नाममा यो आदेश जारी गरिदिएको छ। प्रस्तुत रिट निवेदनको आदेशको पूर्णपाठ पछि तयार गरिनेछ।

न्यायाधीश

प्रधान न्यायाधीश

इति संवत् २०७७ साल जेष्ठ २६ गते रोज २ शुभम्----------------------------------।